# इन्द्रेणी इ-बुलेटिन

समाज परिवर्तनको संवाहक

इ-बुलेटिन मासिक | अंक ५ | वर्ष १ | महिनाः पौष २०७२

**संरक्षक**
रुद्र मश्राङ्गी

**सम्पादक**
दशरथ अस्लामी

**सम्पादन सहयोगी**
राम बहादुर पाटा
यम राना
नबराज शर्मा
गोपाल खराल
निर्मला दर्नाल

**सम्पर्कको लागि**
इन्द्रेणी समाज केन्द्र, नेपाल
फोन ०७५५२००९१
इमेलः iskpalpa@yahoo.com
वेवसाइटः www.isknepal.org.np
फेसवुकः www.facebook.com/Indreni-Samaj-Kendra-ISK-Nepal




## समाचार संक्षेप-:

- पाल्पाको बौघापोखराथोकमा लान्छना र भेदभाव न्युनिकरण तालिम सम्पन्न ।
- साथी शिक्षकहरुसंगको बैठक तानसेनमा सम्पन्न ।
- जिल्लामा क्रियाशिल सरोकारवाला निकायहरुको आयोजनामा विश्व एड्स दिवस विभिन्न कार्यक्रम गरि मनाईयो ।
- गल्धा र मित्यालमा महिला पुरुष समविकास सम्बन्धि तालिम सम्पन्न।
- डिआइसी व्यवस्थापन समितिको बैठक तानसेन, रामपुर र पालुङ्गमैनादीमा सम्पन्न ।



## पाल्पामा २८औं विश्व एड्स दिवस मनाईयो ।

जिल्ला एड्स समन्वय समिति, जिल्ला स्वास्थ्य कार्यालय, इन्द्रेणी समाज केन्द्र नेपाल, नेपाल परिवार नियोजन संघ, युनाइटेड मिसन अस्पताल पाल्पा, सक्रिय सेवा समाज, नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखा, प्रतिबद्ध सहयोग समुह लगायतको आयोजनामा २८ औं विश्व एड्स दिवस २०१५ डिसेम्बर १, २०१५ विविध कार्यक्रम गरि सम्पन्न भएको छ । दिगो विकास लक्ष्य प्राप्तीका लागी एड्स महामारीको अन्त्य **(Ending the AIDS epidemic as part of the sustainable development goals)** भन्ने मूल नाराका साथ विभिन्न कार्यक्रम सम्पन्न भयो । जिल्लाको पालुङमैनादीमा एचआइभी र एड्स सम्बन्धी खुल्ला लोकगित तथा नृत्य प्रतियोगिता सम्पन्न भएको छ । गाउँ एड्स सम्मन्वय समिति पालुङ्गमैनादीका अध्यक्ष शिब बहादुर कुँवरको अध्यक्षता तथा जिल्ला जनस्वास्थ्य प्रमुख राजेन्द्र प्रसाद घिमिरेको प्रमुख अतिथ्यता तथा इन्द्रणी समाज केन्द्र नेपाल साथ साथ प्रोजेक्टका परियोजना संयोजक दशरथ अस्लामीको संचालनमा कार्यक्रम सम्पन्न भयो । यस्तै इन्द्रेणी समाज केन्द्र नेपाल साथ साथ परियोजना र गाउँ एड्स सम्मन्व समिति रामपुरको समन्वयमा माध्यमिक विद्यालय स्तरिय एचआइभी एड्स यसको जोखिम र रोकथाम विषयक वक्तृत्वकला प्रतियोगिता रामतुल्सी उच्च मावि रामपुरमा सम्पन्न भयो । रामपुर नगरपालिकाका कार्यकारी अधिकृत बाबुराम अर्यालको अध्यक्षता तथा इन्द्रेणी समाज केन्द्र नेपालका सुचना ब्यवस्थापन अधिकृत नबराज शर्माको संचालनमा सम्पन्न गरिएको थियो ।

**मानसिक परिवर्तन बिनाको भौतिक परिवर्तन दिगो रहन सक्दैन ।**






कृषिमा आत्मनिर्भर बन्दैछन् गल्धा र मित्यालका महिला समूहहरु

**समाजमा अमर बन्न चाहानुहुन्छ भने शुभकार्यको शुरुवात आजैदेखि गरौं ।**

हस्तकला..........



## फोटो ग्यालरी



जिल्ला एड्स समन्वय समितिको बैठक बस्दै



एचआइभी बारे आउटरिच शिक्षा दिइदै

## गल्धा र मित्यालमा समविकास सम्बन्धी तालिम सम्पन्न ।

इन्द्रेणी समाज केन्द्र नेपाल, हेफर इन्टरनेशनलको आयोजनामा मित्याल ८ दुनिदमार र गल्धा २ गाबुडाँडामा महिला पुरुष समविकास सम्बन्धि तालिम सम्पन्न भएको छ । मित्याल ८ दुनिदमारमा मंसिर २८ र २९ गरी आयोजना गरीएको उत्त तालिममा नमुना महिला समुह, लालीगुँरास महिला समुह र कोशीजअ महिला समुह गरी ३ समुह बाट १० जना पुरुष र १८ जना महिला गरी २८ जना सहभागीहरुको सक्रिय सहभागिता रहेको थियो । तालिमको सहजिकरण नर बहादुर सुनारी, निरज सुनारी र खेमौती आलेको सहजीकरणमा सम्पन्न भएको थियो । यस्तैगरी गल्धा २ गाबुडाँडामा मंसिर २७ र २८ गरी सम्पन्न गरीएको तालिममा बराहदेबी महिला समुह गल्धा २, लालीगुँरास महिला समुह गल्धा १, कमलादेबी महिला समुह गल्धा १ र देउराली महिला समुह गल्धा ३ बाट ४ जना पुरुष र १८ जना महिला गरी २२ जना सहभागीहरुको सक्रिय सहभागिता रहेको थियो । तालिमको सहजिकरण परियोजना संयोजक राम बहादुर पाटा, सामुदायिक सहजकर्ता धनमाया जर्घा र छबि राईको सहजीकरणमा सम्पन्न भएको थियो । यस्तैगरी थप ६ वटा स्थान हरुमा निरन्तर तालिम संचालन हुने परियोजना संयोजक राम बहादुर पाटाले जानकारी गराउनु भयो ।

## योजनावद्ध समूह छलफल ताहुँमा सम्पन्न ।

USAID को आर्थिक तथा प्राबिधिक सहयोगमा इन्द्रेणी समाज केन्द्र नेपाल साथ साथ प्रोजेक्टद्धारा सञ्चालित एचआईभी एड्स, तथा यौनरोग रोकथाम उपचार र हेरचाह कार्यक्रम अन्तर्गत आप्रवासी कामदार तथा तिनका परिवारहरुबीच कण्डम प्रयोग अभ्यास, बाधा र चुनौतहिरु विषयक योजनाबद्ध समूह छलफल ताहुँ डिआइसीमा सम्पन्न भयो । कार्यक्रम आप्रवासी कामदारका दम्पतिहरुमा एचआइभीको जोखिम कम गरि सकारत्मक ब्यबहार परिबर्तन गर्ने उद्धेश्यले गरिएको हो । छलफल कार्यक्रममा १० जना आप्रवासी कामदारका श्रीमतिहरुको सहभागिता रहेको थियो ।

## कुसन बनाउने तालिम तानसेनमा सम्पन्न ।

इन्द्रेणी समाज केन्द्र नेपालद्धारा अर्न्तराष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (USAID) साथ साथ प्रोजेक्टको आर्थिक तथा प्राबिधिक सहयोगमा संचालित एचआईभी, यौन रोग रोकथाम, हेरचाह तथा उपचार कार्यक्रम अन्तर्गत मिति २०७२ मंसिर २४ गते तानसेन डिआईसीमा अतिरिक्त क्रियाकलाप अन्तर्गत कुसन बनाउने तालिम सम्पन्न गरियो । १८ जना आप्रवासी कामदारका श्रीमतीहरुको सक्रिय सहभागीतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो । तालिममा एचआइभी एड्स, यौनरोग, कण्डमको सम्झौतासिप लगायतको बारेमा छलफल गरिएको थियो । तालिमको सहजीकरण इन्द्रेणी समाज केन्द्र नेपाल, साथ-साथ प्रोजेक्टकी आउटरीच एजुकेटर गंगा घिमिरे र तानसेन डिआईसी अपरेटर गीता श्रीषले गर्नुभएको थियो । कार्यक्रम सहभागीहरुलाई साथ-साथ प्राजेक्ट मार्फत संचालित कार्यक्रम तथा उपलब्ध सेवाहरुको बारेमा जानकारी गराउने, यौनरोग, एच्आईभी, कण्डमको सहि र नियमित प्रयोगको बारेमा जानकारी तथा शिक्षा दिने तथा सहभागीहरु बिचमा कण्डमको सहि प्रयोगका बारेमा जानकारी पुऱ्याउने साथै जाँचका लागी सेवा केन्द्रबारे जानकारी गराउने उद्धेश्यले संचालन गरिएको थियो ।



इन्द्रेणीको डिआइसीमा बनाईएको कुसन



एड्स दिवसमा गरिएको लोक नृत्य प्रतियोगिता